धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौ"

शुभकामना !
बिजया दशमी २०८३ को पावन अवसरमा देश विदेशमा रहनुहुने समस्त नेपालीहरु हाम्रा विज्ञापन दाता, ग्राहक महानुभावहरु लगायत सम्पूर्ण शुभेच्छुक हरुमा सुख शान्ति सम्बृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रत्यूष National Daily राष्ट्रिय दैनिक

वर्ष २३, अङ्क ९६ ◆ २०८३ कार्तिक ५ बिहीबार ◆ Thursday, October 22, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

## क्यासिनोबाट पाँच जना प्रहरी नियन्त्रणमा

❑ *प्रत्यूष समाचारदाता*

वीरगन्ज । क्यासिनोभित्र नेपाली प्रवेश गराई जुवा खेल्ने-खेलाउने कार्यमा संलग्न पाँच जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

वीरगञ्ज महानगरपालिका -१४ गण्डकस्थित गोल्डेन फिङ्गर गेमिङ जोन प्रालिमा नेपाली प्रवेश गराई जुवा खेलाइरहेको भन्ने सूचनाका आधारमा उनीहरूलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिनुभयो । ।

बारा जिल्ला पचरौता नगरपालिका-४ का रामचन्द्र साह, प्रसौनी गाउँपालिका-३ का अच्छेलाल प्रसाद, प्रसौनी गाउँपालिका-१ का सुवास कुमार र परवानीपुर गाउँपालिका-५ का सुनिल पटेल तथा रौतहट बौधीमाई नगरपालिका-९ का सुमेश्वरनाथ प्रसादलाई आज प्रहरीले नियन्त्रणमा लिएको हो ।

जुवा खेल्ने-खेलाउने गरेको आरोपमा पक्राउ परेकाका विषयमा थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक मल्लले जानकारी दिनुभयो ।

## ठमेलमा विदेशी पर्यटकले पनि लगाए बडादसैंको टीका

काठमाडौं । नेपाल भ्रमणमा रहेका विदेशी पर्यटकले पनि नेपाली संस्कृति र परम्पराप्रति उत्साह देखाउँदै हर्षोल्लासका साथ बडादसैंको टीका र जमरा लगाएका छन् ।

नेपालीको महान् पर्व बडादसैंका अवसरमा विदेशी पर्यटकले ठमेलस्थित काठमाडौं इको होटलमा नेपाली परम्परा अनुसार रातो टीका र जमरा ग्रहण गर्दै दसैंको खुसी साटासाट गरेका हुन् ।

नेपाली संस्कृति, मौलिक परम्परा र चाडपर्वको विशेष अनुभव लिँदै दसैं उनीहरुले मनाएका हुन् ।

नेपाल भ्रमणमा आएका पर्यटकका लागि बडादसैंको टीका र जमरा ग्रहण गर्नु नेपाली संस्कृतिलाई नजिकबाट बुझ्ने अवसर बनेको छ। पछिल्लो समय विदेशी पर्यटकले नेपालको धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सौन्दर्यबाट आकर्षित भएर नेपाली संस्कार र परम्परा अनुसारका पर्व एवम् उत्सव मनाउने गरेका छन् ।

नेपाल पर्यटन बोर्डका सञ्चालक समिति सदस्य एवम् काठमाडौं इको होटल ठमेलका सञ्चालक सहदेव धमलाले यस्ता गतिविधिले नेपालको सांस्कृतिक विविधता, मौलिक परम्परा र अतिथि सत्कारको पहिचानलाई अन्त-राष्ट्रियस्तरमा प्रवर्द्धन गर्न सहयोग पुग्ने बताउनुभयो ।

ठमेल पर्यटन विकास परिषद्का महासचिव पशुपति कँडेलले बडादसैंले नेपाली र विदेशीबीच आपसी सद्भाव, मित्रता र सांस्कृतिक सम्बन्धलाई थप प्रगाढ बनाएको बताउनुभयो ।

## बडादसैंले समाजलाई जोड्ने सद्भावको भावना अझ बलियो बनाओस्ः सभापति थापा

काठमाडौं । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले बडादसैंले समाजलाई जोड्ने सद्भावको भावना अझ बलियो बनाओस् भनी शुभकामना व्यक्त गर्नुभएको छ ।



विजयादशमीका अवसरमा सम्पूर्ण नेपालीमा शुभकामना दिँदै उहाँले सबैमा आफूभित्रका कमजोरीलाई जित्ने आत्मबल, अरूको पीडा बुझ्ने संवेदना र सामाजिक सद्भावको भावना थप बलियो बनाओस् भनी कामना गर्नुभएको हो ।

"यस वर्षको दसैं हामीले अहिलेको राष्ट्रिय विपत्ति र पीडाको संवेदनशील परिस्थितिमा मनाउँदै छौं । धेरै परिवार दुःख, पीडा र कठिनाइमा हुनुहुन्छ । यस्तो बेला हाम्रो चाडपर्वको खुसी केवल आफ्नो घरआँगनमा सीमित नरहोस् । दुःखमा परेका परिवारको पीडामा थोरै भए पनि मलम लगाउन सकौं, आफ्नो खुसी बाँड्न सकौं र एकअर्काको सहारा बन्न सकौं", सभापति थापाले सन्देशमा उल्लेख गर्नुभएको छ ।

सो अवसरमा थापाले बडादसैंले समाजलाई जोड्ने सद्भावको भावना अझ बलियो बनाओस् भनी शुभकामना व्यक्त गर्नुभएको छ ।

## नवदुर्गासँग जोड्दै नेवार समुदायले भव्य रूपमा मनाए मोहनी नखः

❑ *प्रत्यूष समाचारदाता*

भक्तपुर । भक्तपुरका नेवार समुदायले बुधबार मोहनी नखः मनाएका छन्। विजयादशमीको दिन आज मान्यजनको हातबाट मोहनी सिः न अर्थात कालो टीका, राटो टीका, जमरा ग्रहण गरि मोहनी नःख मनाएका हुन् ।

यहाँका नेवार समुदायले नवदुर्गा भवानीको पुजा गर्ने क्रममा महानवमीको दिनमा घरघरमा पालामा दियो बालेर त्यसको माथिवाट अर्को पालाले छोपेर पालामा जम्मा भएको कालो ध्वाँसोलाई नै मोहनी सिःनं (कालो टीका) बनाएका हुन्छन् ।

विजयादशमीको दिन बल र विजयीको प्रतिकको रूपमा रातो अक्षता, जमरा, र निधारको बीचमा मोहनी सिःनं अर्थात कालो टीका लगाएर दसैं मोहिनी नखः मनाएको भक्तपुरका संस्कृतकर्मी प्रकाश कायस्थले जानकारी दिनुभयो । असत्य माथि सत्यको विजय उत्सव अर्थात बुधबारको दिन त्रिपुरा सुन्दरी भगवती प्रकट भई महिषासुर देत्यलाई मोहनी लगाई लठ्याएर बध गरेको दिनको रूपमा लिने गरेको उहाँले जानकारी दिनुभयो ।

मोहनी सिःनं लाई तान्त्रिक शक्ति, मोहनी शक्तिको रूपमा लिने परम्परा रहेको आज बिहान टीकाको शुभाइतमा घरघरमा कालो टीका अर्थात मोहनी सिः नं लगाए पछि घरघरबाट ब्रम्हायणी मन्दिरमा पुजा लिएर दर्शन गर्न जाने परम्परा अनुसार आज दिनभर र रातिसम्म भक्तपुरको ब्रम्हायणी मन्दिरमा भव्य मेला लागेको छ ।

ब्रम्हायणी मन्दिरमा हजारौ दर्शनार्थीले बुधबार बाजागाजा सहित शक्ति पिठको रूपमा रहेको ब्रम्हायणी देवीको रूपमा पूजा एवं दर्शन गर्ने जानकारी दिँदै उहाँले कालो टीकालाई धार्मिक, संस्कृति र तान्त्रिक शक्तिको रूपमा नेवार समुदायले ग्रहण गर्ने गरेको संस्कृतिविद कायस्थले जानकारी दिनुभयो ।

आज मध्यराति तलेजुमा खड्ग जात्रा सम्पन्न भएपछि मात्रै मोहनी नखः सम्पन्न हुने उहाँले जानकारी दिनुभयो । राति ब्रम्हायणीबाट नवदुर्गा देवगण तलेजु आएर नवदुर्गाको दिदी तलेजुलाई ढोग गरी मन्त्र सिद्ध गरेपछि नवदुर्गा र खड्ग जात्रा गरी तलेजुलाई बोकेर भव्य जात्रा गरी तलेजुको बाहन सेतो घोडालाई पछि लगाउँदै नगरपालिका परिक्रमा गरेपछि मोहनी नखः सम्पन्न हुने उहाँले जानकारी दिनुभयो ।

मोहनी नखः कहिलेबाट सुरु भयो भन्ने यकिन तथ्य भने छैन । दसैंमा अवसरमा खड्गयात्रा (पायाः)को चलन भएकाले यसको



थिति नेपालमा तन्त्रयानको प्रादुर्भाव भएदेखि सुरु भएको मान्यता रहँदै आएको छ ।

मोहनीको मुख्य विशेषता भनेकै मोहनी सिन्हः हो । मोहनीका बेला नेवार निम्तो आएको ठाउँमा 'नखत्या' (छोरीचेलीलाई बोलाउने) जाने चलन छ ।

राजा हरिसिंहदेवले नेपाल संवत् ४४४ मा भारतबाट नेपालमा तलेजु भवानीलाई लिएर आएदेखि मोहनी नखः मनाउन थालिएको भन्ने भनाइ पनि रहदै आएको छ । त्यसो त बौद्ध धर्मावलम्बीले पनि मोहनी नखः फरक महत्वका साथ मनाउने गरेका छन् ।

## तलेजुमा कुमारीको हातबाट टीका ग्रहण, तलेजुलाई देवगृह भित्र्याइयो

❑ *प्रत्यूष समाचारदाता*

भक्तपुर । विजयादशमीको दिन बुधबार जीवित देवी एकान्त कुमारीको हातबाट स्थानीय सर्वसाधरणले टीका, जमरा तथा प्रसाद ग्रहण गरेका छन् ।

विजयादशमी२०८३ को अवसरमा भक्तपुरको तलेजुमा जिवित देवीको रूपमा पुज्दिै आएको एकान्त कुमारी लुनिभा बज्राचायले सबैभन्दा पहिला साइतको टीका लगाउनुभएको थियो ।

त्यसपछि कुमारीको हातबाट तलेजुका मूल पुजारी, नाइके, जोशी, कर्माचार्य, गुरु तथा पुरोहितले साइतको टीका लगाउनुभएको यसअघिका मूल नाइके नरेन्द्रप्रसाद जोशीले जानकारी दिनुभयो। यसरी नाइके, गुरु, पुरोहितलगायतले टीका लगाएपछि सर्वसाधारणका लागि खुला गरिएको टीका ग्रहणको काम सुरु भएको तलेजुका पूर्वमुल नाइके जोशीले बताउनुभयो ।

एकान्त कुमारी लुनिभाको हातबाट टीका स्थानीय भक्तजन एवं आमसर्वसाधारणले टीका ग्रहण गर्नुभएपछि दुर्गा बिसर्जनसहित तलेजु भवानीलाई दसैं घरबाट मूलचोक दक्षिण देवगृहमा भित्र्याइएको उहाँले जानकारी दिनुभयो । फूलपातीको दिन तलजुलाई देवगृहबाट मूलचोकको



पश्चिम कुमारी चोकस्थित दसैंघरमा भित्र्याइएको थियो । राजोपाध्याय, जोशी र कर्माचार्य पुजारीहरुले तलेजु भवानीसहित अन्य देवीदेवतालाई विधिपूर्वक आज देवगृहमा भित्र्याउनुभएको जोशीले जानकारी दिनुभयो । भक्तपुरस्थित तलेजु यात्राका क्रममा १९ जना पुजारीले जामा, पगरी, भोटो, खास्टोसहितको वस्त्र धारण गरी देवी देवता लाई दसैंघरमा भित्र्याउनु भएका हो ।

## इन्जिनियर लामिछानेको गाई-भैंसी पालनबाट मासिक १५ लाख आम्दानी

काठमाडौं । मेहनत र लगनशील भए जुनसुकै व्यवसाय अँगाले पनि सफल भइन्छ भन्ने उदाहरण बन्नुभएको छ गोरखाका इन्जिनियर कुमार लामिछाने ।

काठमाडौं जिल्लाको नागार्जुन नगरपालिका वडा नं. ६ रामकोट, डाँडापौवामा गाई तथा भैंसीपालन गरी मासिक रु १५ लाख आम्दानी गरेर इन्जिनियर लामिछाने समाजमा उदाहरणीय बन्न सफल हुनुभएको छ ।

गोरखा सिरानचोक गाउँ पालिका-७ खहरेका सिभिल इन्जिनियर लामिछानेले २०७७ साल जेठमा क्षितिज एकीकृत कृषि फार्म प्रालिको स्थापना गरी सो पेशा अङ्गाल्दै आउनुभएको हो ।

उहाँले रु १० करोड लगानीसहित मासिक रु एक लाखका दरले जम्मा छ रोपनी जग्गा भाडामा लिई गाई तथा भैंसीपालन व्यवसाय सञ्चालन गर्दै आएको जानकारी दिनुभयो। सुरुमा ३० वटा भैंसीबाट व्यवसाय सञ्चालन गर्नुभएका लामिछानेको गोठमा अहिले २०० गाई र ५० वटा भैंसी रहेका छन् ।

"इन्जिनियर भएपछि निर्माणसँग सम्बन्धित काम गर्यौं, सात वर्षदेखि जीवन साथी इन्जिनियर सङ्गीता सँगको सहयोग र सहकार्यमा 'इन्जिनियरिङ' पेसासँगै गाई तथा भैंसीपालन व्यवसाय गरेको हुँ। यस व्यवसायबाट केहीले रोजगारी पाएका छन् भने आम्दानी पनि राम्रै छ," उहाँ भन्नुहुन्छ ।

इन्जिनियर लामिछानेको गोठबाट हाल दैनिक एक हजार २०० लिटर दुध उत्पादन हुन्छ। उत्पादित दूधमध्ये केही दुध विकास संस्थान



(डिडिसी) र नमूना डेरी तथा बाँकी दुध उपत्यकाका विभिन्न डेरीहरुमा बिक्रीवितरण हुँदै आएको उहाँले जानकारी दिनुभयो ।

लामिछानेका अनुसार हाल भैंसीको दूधको मूल्य प्रतिलिटर रु १७० र गाईको रु १०० छ। गाई र भैंसीको दुध दुहन मेसिन जडान गरिएको छ । उहाँको फार्ममा हाल प्रतक्ष एवं अप्रतक्ष रुपमा ५० कर्मचारी कार्यरत छन् ।

दुध बिक्रीबाट मासिक रु ४५ देखि ५० लाख आम्दानी हुँदै आए पनि खर्च कटाएर रु १५ लाख बचत हुने गरेको उहाँले बताउनुभयो। गाई र भैंसीलाई खुवाउने पराल र दानामा बढी खर्च हुनेगरेको समेत उहाँको भनाइ छ ।

सम्पादकीय ....

## विजयादशमीको टीका-प्रसाद ग्रहणले सबै-सबैको रक्षा होस्

विजयदशमी नेपालीहरूको महान् सांस्कृतिक तथा धार्मिक पर्व हो । असत्यमाथि सत्यको विजय, अन्यायमाथि न्यायको विजय र अधर्ममाथि धर्मको विजयको प्रतीकका रूपमा मनाइने यस पर्वले नेपाली समाजमा आपसी सद्भाव, प्रेम, एकता र सहिष्णुताको सन्देश प्रवाह गर्दै आएको छ । दसैंको अवसरमा घरघरमा जमरा राख्ने, दुर्गा भवानीको पूजा गर्ने तथा मान्यजनको हातबाट टीका, जमरा र प्रसाद ग्रहण गर्ने परम्परा रहिआएको छ ।

यतिबेला नेपाली समाजमा विजयादशमीको उल्लास छाएको छ । परिवारका सदस्य, आफन्त तथा इष्टमित्रहरू एकै ठाउँमा भेला भएर टीका, जमरा र प्रसाद ग्रहण गरिरहेका छन् । टाढा रहेका परिवारका सदस्यहरू घर फर्कने, मान्यजनबाट आशीर्वाद लिने र आपसी सम्बन्धलाई अझ प्रगाढ बनाउने अवसरका रूपमा पनि दसैंलाई लिइन्छ । टीका र जमरासँगै दिइने आशीर्वादले जीवनमा सुख, शान्ति, दीर्घायु, सफलता र समृद्धिको कामना गर्दछ ।

विजयदशमी केवल टीका र जमरा लगाउने पर्व मात्र होइन, यो एकअर्काप्रति माया, सद्भाव र जिम्मेवारी प्रकट गर्ने अवसर पनि हो । यस पर्वमा हामीले आफू र आफ्नो परिवारको सुखको कामना गर्दा समाजका असहाय, विपन्न, ज्येष्ठ नागरिक, बालबालिका तथा विपद्मा परेका व्यक्तिहरूको सुख र सुरक्षालाई पनि उत्तिकै महत्व दिनुपर्छ । कसैको घरमा खुसी छाउँदा कसैको घरमा दुःख नहोस् भन्ने भावना नै दसैंको वास्तविक सन्देश हो ।

यस पावन अवसरमा दुर्गा भवानीले सम्पूर्ण नेपालीको रक्षा गरून्, देशमा शान्ति र अमनचयन कायम होस्, प्राकृतिक विपत्ति, दुर्घटना, हिंसा र सामाजिक विकृतिबाट सबै सुरक्षित रहून् भन्ने कामना गरौं । देशको रक्षा गर्ने जिम्मेवारी केवल ईश्वरप्रतिको आस्थामा सीमित हुँदैन; नागरिकका रूपमा हामीले पनि आफ्नो कर्तव्य पूरा गर्नुपर्छ । सवारीसाधन चलाउँदा सावधानी अपनाउने, मादक पदार्थ सेवन गरेर सवारी नचलाउने, बालबालिका तथा ज्येष्ठ नागरिकको ख्याल गर्ने र चाडपर्वका नाममा हुने विकृतिबाट टाढा रहने बानीले सबैको सुरक्षा सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ ।

आजको आवश्यकता भनेको चाडपर्वलाई देखावटी र खर्चिलो बनाउनु होइन, यसको मौलिकता र मानवीय भावनालाई जोगाउनु हो । आपसी मनमुटाव बिर्सेर क्षमा, प्रेम र सद्भावको बाटोमा अघि बढ्नु नै विजयादशमीको साँचो उपलब्धि हो । समाजमा विभेद, वैमनस्य र द्वन्द्वको अन्त्य गर्दै एकअर्काको दुःख सुखमा साथ दिने संस्कार विकास गर्न सके मात्रै यस पर्वको महत्व अझ बढ्नेछ ।

अन्त्यमा, विजयादशमीको पावन अवसरमा टीका, जमरा र प्रसाद ग्रहण गर्ने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, सुस्वास्थ्य र समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछौं । दुर्गा भवानीले सबैको रक्षा गरून्, हरेक घरमा खुसी छाओस, समाजमा सद्भाव कायम रहोस् र हाम्रो देश नेपाल शान्त, समृद्ध तथा सुरक्षित बनोस् ।

सबैको रक्षा होस्, सबैको कल्याण होस् र विजयादशमीले सम्पूर्ण नेपालीको जीवनमा नयाँ आशा, उत्साह र सकारात्मक परिवर्तन ल्याओस् ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "प्रत्यूष राष्ट्रिय दैनिक तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

# हिमाल चढ्ने रहर, सुरक्षित फर्कने चुनौती

राजु सिलवाल

विश्वमा तीव्र गतिको आरोहणमा विशिष्ट पहिचान बनाउन सफल निम्स दाइको नामले परिचित कीर्तिमानी आरोही निर्मल पुर्जासहित नेपाली तथा अन्य मुलुकका १० पर्वतारोहीको पाकिस्तानस्थित 'ब्रोड पिक' हिमालमा हिमपहिरोमा परी दुःखद निधन भएपछि हिमालमा सुरक्षासम्बन्धी सन्दर्भ बहसको विषय बन्न पुगेको छ । निर्मल पुर्जाका सहयात्री पुरबहादुर गुरुङ युक्ताले सगरमाथा १० पटक आरोहण गर्नुका साथै विश्वका आठ हजार मिटर अग्ला १२ वटा हिमाल चढिसकेका थिए । यसपालि पनि हिमालमा ज्यानको बाजी थाप्दै कठोर परिस्थितिको सामना गर्दै आएका यी साहसीको प्रकृतिका अघि कुनै जोर चलेन । यो घटनाले विश्वमै हिमाली गतिविधिको केन्द्र मानिएको नेपाल जस्तो मुलुकलाई अझ बढी क्षति पुऱ्याएको छ ।

विगतमा झण्डै आठ वर्ष लगाएर विश्वका आठ हजार मिटरभन्दा अग्ला १४ वटा हिमालको आरोहण गरी दक्षिण कोरियाका किम चाङ होले बनाएको विश्व कीर्तिमान छ महिना छ दिनमै भङ्ग गर्न सफल आरोही निर्मल पुर्जाका लागि आठ हजार ४७ मिटर अग्लो ब्रोड पिक हिमाल कुनै नौलो थिएन । उनले १० नेपालीसँगै हिउँदमा पहिलोपटक विश्वको दोस्रो अग्लो शिखर के टू हिमाल चढेर विश्व कीर्तिमान स्थापित गरेका थिए । उनले अन्य थुप्रै विश्व कीर्तिमानहरु समेत बनाइसकेका छन् । त्यस्ता अनुभवी पर्वतारोहीको हिमालमै अवसान हुनु सामान्य प्रसङ्ग होइन । सोही दुर्घटनामा अन्य अनुभवी आरोहीले पनि हिमालमै प्राण त्याग्नु परेको थियो ।

नेपालका हिमालहरु कैयौं दशक अघिदेखि नै विश्वभरिका पर्वतारोही तथा साहसिक पर्यटकहरुका लागि आकर्षक गन्तव्य बन्दै आइरहेका छन् । हरेक वर्ष हजारौं स्वदेशी तथा विदेशी आरोहीहरु विश्वको सर्वोच्च शिखर तथा अन्य विभिन्न हिमाल आरोहणमा संलग्न हुने गरेका छन् । पर्वतीय पर्यटनबाट मुलुकले उल्लेखनीय आर्थिक लाभ प्राप्त गरिरहेको छ तर हिमालप्रतिको बढ्दो आकर्षणसँगै हिमाली क्षेत्रमा दुर्घटनामा परेर कैयौं पर्वतारोहीले ज्यान गुमाएका छन् । गत वसन्त ऋतुमा सगरमाथा र मनास्लु हिमालमा गरी सात जनाको निधन भएको थियो । यस्तै मौसमजन्य जोखिम, उद्धारको चुनौती र उचित सुरक्षा व्यवस्था पनि गम्भीर मानिएका छन् । हिमाललाई सुरक्षित गन्तव्यका रुपमा स्थापना गर्न जोखिमप्रतिको सचेतता तथा प्रभावकारी सुरक्षा प्रणाली अपरिहार्य बनेको छ ।

सुरक्षाका उपायहरु

हिमालमा पर्वतारोहीको सुरक्षाका लागि योग्यता र अनुभव महत्वपूर्ण मानिएको छ । पर्वतारोहीले पर्वतारोहणसम्बन्धी तालिम अनिवार्य रुपमा हासिल गरेको हुनुपर्ने तथा निश्चित उचाइका हिमाल आरोहण गरेपछि मात्र उच्च हिमाल चढ्ने अनुमति दिने व्यवस्था हुनु आवश्यक छ । प्रस्तावित पर्यटन विधेयकमा सगरमाथा आरोहणका लागि सात हजार मिटरभन्दा अग्लो कुनै नेपाली हिमाल आरोहण गरेको प्रमाणपत्र अनिवार्य रुपमा पेस गर्नुपर्ने व्यवस्था गरिएको छ । आरोहण अनुमति पाउन स्वास्थ्य अनुमतिपत्र पनि अनिवार्य गरिएको छ ।

मौसम पूर्वानुमानको व्यवस्था, गुणस्तरीय उपकरणको प्रयोग पनि महत्वपूर्ण मानिन्छ । खोज तथा उद्धार टोलीलाई चौबिसै घण्टा सजग राख्दै सञ्चार प्रणालीलाई प्रभावकारी बनाउनुपर्छ । यस्तै सरकारी नीति नियम लागू गर्न सम्बन्धित निकायको सक्रियता पनि आवश्यक पर्दछ । यसक्रममा सुरक्षा मापदण्ड पालना नगर्नेलाई तत्काल कारबाही गर्न पछि पर्न हुँदैन ।

'ट्राफिक जाम'को सन्दर्भ

सगरमाथामा बेलाबखत 'ट्राफिक जाम' अर्थात् एकैपटक धेरै आरोहीहरुको भीड हुने गरेको सन्दर्भ पनि उठ्ने गर्दछ । एकै समयमा सगरमाथाको शिखरतर्फ प्रस्थान गर्ने मार्गमा आरोहीहरु भीड लागेको तस्विर सार्वजनिक भएका छन् । यसै क्रममा सगरमाथालगायतका हिमालको बहन क्षमताबारे पनि चर्चा हुन थालेको छ । गत वसन्त ऋतुमा सम्पन्न पर्वतारोहण गतिविधि सम्बन्धमा केही दिनअघि आयोजित समीक्षात्मक छलफलमा सगरमाथालगायतका हिमालमा एकै याममा कति आरोहीलाई आरोहण गराउन सकिन्छ गहिरो र यथार्थ अध्ययनको आवश्यकता रहेको औंल्याइएको थियो ।

हिमालमा व्यवस्थापन गर्ने विषयमा विज्ञहरु भूगर्भविद् लगायतको सल्लाह र सुझावमा राज्यले नीति स्पष्ट पार्नुपर्ने अवस्था देखिएको छ । सगरमाथामा निर्धारित समयभित्र 'रोप फिक्सिङ' गरी शिखरसम्म जाने बाटो खुल्ला गर्न सकिएमा जति धेरै आरोही भए पनि फरक नपर्ने धारणा पनि सो कार्यक्रममा व्यक्त भएको थियो । हिमाल आरोहणबाट सरकार तथा व्यवसायी एवं श्रमिकहरुलाई फाइदा हुने हुँदा यसलाई ट्राफिक जामसँग तुलना गर्न नहुने तर्क पनि रहेको छ ।

हेलिकोप्टरको तयारी

विदेशी आरोहीहरु विभिन्न कीर्तिमान कायम गर्ने लक्ष्यका साथै सुरक्षित हिमाल आरोहणका लागि नेपाल आउन गरेका छन् । नेपालका अनुभवी तथा भरपर्दा पथप्रदर्शकहरु विदेशी आरोहीहरुका लागि प्रमुख आकर्षण बन्दै आएका छन् । नेपालमा आरोहण गर्न आउँदा हिमालमा २३ हजार फिटसम्म कुनै आपत्कालीन अवस्था परेमा हेलिकोप्टरबाट पनि उद्धार गर्न सकिने व्यवस्था भएकाले आरोहण अभियान सञ्चालनकर्ताहरु ढुक्क हुने गरेका छन् । हिमाली भेगमा हेलिकोप्टरबाट उद्धार गरिने 'लाइफलाइन रेस्क्यू'का लागि सीमित मात्रामा भए पनि उपकरण तथा जनशक्तिको उपलब्धताले पर्वतारोहीहरुलाई राहतको अनुभूति गराउने गरेको छ ।

विदेशमा यस्तै उद्धार गरिँदा पचासौं हजार डलर लागत पर्नेमा नेपालमा सुलभ मूल्यमा उद्धार गर्न सकिने अवस्था रहेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणले हेलिकप्टरमा दुईजना पाइलटको व्यवस्था गरेपछि हेलिकोप्टरको क्षमता भएतापनि १८ हजार फिटभन्दा माथि एकजनाको मात्र उद्धार गर्न पाउने अवस्था छ ।

ज्यान गुमाएकाहरु

हिमालमा आरोहणका क्रममा निधन भएका आरोही तथा अन्य सहयोगीहरुको शव अहिले पनि विभिन्न हिमालमा देख्न सकिन्छ । शव उठाउने काम पनि उद्धार नै भएकाले त्यसलाई सहज बनाउनुपर्ने देखिएको छ । यसका लागि स्पष्ट नीतिको आवश्यकता महसुस गरिएको छ । सर्वोच्च अदालतले सगरमाथाको दोस्रो शिविरभन्दा माथिबाट हेलिकप्टरले मानवीय उद्धार मात्र गर्ने गरी आदेश दिएकाले मृतक आरोहीको शव ल्याउन कठिनाई भइरहेको छ । मृत शरीरलाई बेग्लै ढाँचा वा इन्सुरेन्सको प्याकेजबाट ल्याउन पहल गर्नु आवश्यक देखिएको छ ।

घट्दो पथप्रदर्शक

नेपालका हिमालप्रति आकर्षित भएर आउने विदेशी आरोहीहरुको सङ्ख्या बढे पनि त्यस्ता आरोहीलाई हिमाल चढ्दा बाटो देखाउने नेपाली पथप्रदर्शकहरुको सङ्ख्या भने दिनहुँ घटिरहेको छ । हाल नेपाली युवाहरुको विदेशप्रतिको आकर्षणले पर्वतारोहण क्षेत्रमा पनि जनशक्ति घट्दै गएको छ । हिमालमा विभिन्न पेसामा काम गरी विदेश गएकाहरु कैयौं अन्य पेसामा समेत आबद्ध हुन पुगेको अवस्था रहेको छ भने केही नेपाली पथप्रदर्शकले विदेशका विभिन्न हिमालमा आरोहीहरुलाई मार्ग निर्देशन गर्ने कार्य गर्दै आइरहेका छन् ।

अन्य श्रमिकहरु उचित मात्रामा उत्पादन गरेर यो क्षेत्रमा विदेशी श्रमिक भित्रिनसक्ने सम्भावनालाई रोक्नुपर्ने आवश्यकता महसुस गरिएको छ ।

तालिम सञ्चालनको पहल

नेपाल पर्वतारोहण सङ्घले लामो समयदेखि पर्वतारोहीहरुका लागि आधारभूत र एडभान्स (विशिष्टीकृत) प्रशिक्षण प्रदान गर्दै आइरहेको थियो । हिमाल चढ्न अभिरुचि राख्नेहरुका लागि ती तालिमहरु अत्यन्त उपयोगी सावित मानिन्थ्यो तर कोभिड महामारीको विश्वव्यापी प्रकोपपछि यस्ता तालिम पुनः सञ्चालन हुन सकेका छैनन् । यसको असर पर्वतारोहणमा समेत पर्न गएको छ । यस्ता प्रशिक्षण नियमित रुपमा सञ्चालन गर्न सरकारले पनि सघाउनुपर्ने देखिएको छ । विगतमा मनाङमा रहेको पर्वतारोहण प्रशिक्षण स्कुलमा यस्ता तालिम दिने गरिएको थियो । त्यो स्कुलको भवन जीर्ण भएकाले पुनःनिर्माण गरेर फेरि तालिम सञ्चालन गर्न आवश्यक तयारी गरिएको छ । यो वर्ष एउटा तालिम सञ्चालन गरिने लक्ष्य राखिएको छ । नेपालका हिमालहरु राष्ट्रिय गौरवका आधार हुन् तर हिमाल प्रतिको आकर्षणलाई मात्र केन्द्रविन्दुमा राखेर यसको दिगोपन सुनिश्चित हुन सक्दैन । बढ्दो आरोहण गतिविधिसँगै आरोही तथा आरोहणमा संलग्न अन्य सहयोगीहरुको सुरक्षाप्रति सचेत हुनु अत्यावश्यक देखिएको छ । संसारका विभिन्न मुलुकबाट नेपाललाई रोज्दै हिमाल चढ्न आएका आरोहीहरुलाई साहसिक अभियान सम्पन्न भएपछि सकुशल घर फर्काउने जिम्मेवारी समग्रमा नेपालकै हो ।

यस्तै आफ्नो ज्यान समेत जोखिममा राखेर अतिथिलाई सघाउँदै आएका साहसी नेपाली सहयोद्धाको सुरक्षा पनि त्यति नै महत्वपूर्ण हुन्छ । यसैले जिम्मेवार पर्यटन संस्कृतिलाई महत्व दिनु समयको माग हो । हिमालले अवसर मात्र नभई जिम्मेवारी पनि साथै ल्याउने तथ्यलाई सबै सरोकारवालाले आत्मसात् गर्नसके मात्र हिमाली पर्यटन सुरक्षित र दिगो बन्न सक्दछ ।

मधुमेह (डायबिटिज) बाट बचौं

मधुमेहले,
- शरीरका विभिन्न अंगमा क्षति पुऱ्याउने,
- मृदु, मृगौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघात लगायतका जोखिम बढाउन सक्छ ।




मधुमेहबाट बच्न,
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं,
- जङ्कफुड, प्रशोधित तथा तारेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं ।

तनाव व्यवस्थापन, नियमित व्यायाम एवम् स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार,
विज्ञापन बोर्ड

# ताकमकोतको ठेलो फाल्ने प्रतियोगिता : अशोकको ११ औँ जीत

म्याग्दी । म्याग्दीको धौलागिरि गाउँपालिका-७ स्थित ऐतिहासिक ताकमकोतमा भएको परम्परागत ठेलो फाल्ने प्रतियोगितामा अशोक खत्रीले ११ औँ पटक उपाधि जितेर कीर्तिमान बनाउनुभएको छ ।

सोही वडाका अध्यक्ष समेत रहनुभएका खत्रीले बडादसैँको महानवमी पर्वको अवसरमा आयोजित प्रतियोगितामा ११ औँ पटक उपाधि जितेर इतिहास बनाउनुभएको हो । आठ दशमलव पाँच किलोग्राम तौल भएको फलामको ठेलोलाई सहभागी २२ जनामध्ये सबैभन्दा टाढा फालेका खत्रीलाई 'माल' घोषणा गरिएको थियो । खत्रीबाहेक हालसम्म ११ औँ पटक ताकमकोतको ठेलो फाल्ने प्रतियोगिता कसैले पनि नजितेका कोतपूजा व्यवस्थापन समितिका सदस्य दिनेश केसीले जानकारी दिनुभयो ।

विसं २०७१ देखि २०७७ सम्म लगातार सात पटक उपाधि जितेका खत्रीले २०७८ मा सहभागिता जनाउनुभएको थिएन् । विसं २०७९ मा मालिका गाउँपालिका-१ निस्कोटका याम परियारसँग पराजित हुनुभएको थियो । विसं २०८० देखि यस वर्षसम्म लगातार विजयी हुनुभएको छ । निरन्तरको अभ्यास, शारिरिक व्यायम र स्वच्छ खानपानले उपाधि जिताउन सहयोग गरेको खत्रीले बताउनुभयो । खत्रीलाई धवलागिरी गाउँपालिकाका अध्यक्ष प्रेमपसाद पुनलगायतले फेता गुटाएर सम्मान गरेका थिए ।

स्थानीयवासीले खत्रीलाई काँधमा बोकेर बाजागाजासहित ताकमकोत परिक्रमा गराएका थिए । विसं १२४६ देखि १५४५ सम्म बगाले थापाको र १५४६ देखि १८८२ सम्म मल्ल राजाले ताकमकोतबाट राज्य सञ्चालन गरेको इतिहास छ ।

बाइसे चौबिसे राजाले हरेक वर्षको वडादशैंको महानवमी पर्वको अवसरमा आठ सय वर्ष अघि ठेला (ठेलो) फालेर पहलमान पहिचान गर्न बसाएको चलनलाई अहिलेसम्म पनि निरन्तरता दिइएको छ ।

ताकमकोतमा आयोजना हुने ठेलो फाल्ने प्रतियोगिता जितेर माल (पहलमान)को सम्मान पाउने यस क्षेत्रका हस्टपुष्ट र अग्लो शरीर भएका बलिया बाङ्गा युवाहरुको पुर्खौं अघिदेखिको शोख भएको गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताउनुभयो । माललाई फेता गुटाएर काँधमा बोकेर गाउँ परिक्रमा गराएर सम्मानका साथै नगद उपहार दिने चलन छ ।

## कास्की प्रहरीको सक्रियताः असोजमा मात्र ३२ फरार प्रतिवादी पक्राउ

प्रत्यूष समाचारदाता

गण्डकी । प्रहरीको सक्रियतासँगै गत असोज महिनामा कास्कीमा ३२ जना फरार प्रतिवादी पक्राउ परेका छन् । विभिन्न मुद्दामा अदालतबाट दोषी ठहर भई सजाय भुक्तान नगरी फरार रहेका २३ जना पुरुष र नौ महिलालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, कास्कीले जनाएको छ ।

पक्राउ परेका प्रतिवादीलाई कैद सजाय र जरिवाना असुलका लागि अदालतमा बुझाइएको कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिनुभयो ।

प्रतिवादीहरूबाट कूल १२ वर्ष छ महिना आठ दिन कैद र रु १६ लाख ६६ हजार ९७२ बिगो असुलउपर भएको उहाँको भनाइ छ । चेक अनादर, बिगो लेनदन, बैङ्किङ कसुर, सवारी ज्यान कसुर, अभद्र व्यवहारलगायत कसुरमा अदालतको फैसलाबाट दोषी ठहर भई फरार रहेका प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको हो ।

प्रहरीले पछिल्लो समय फरार प्रतिवादीलाई कानुनी कारबाहीको दायरामा ल्याउन सक्रियता बढाएको छ । गत भदौ महिनामा ५६ जना फरार प्रतिवादी पक्राउ परेका थिए । कार्यालयले गत महिना चालु मुद्दामा ११२ जनालाई पक्राउ गरिएको जनाएको छ ।

असोजमा अपराधसँग सम्बन्धित १५९ वटा मुद्दा दर्ता भएका थिए । तीमध्ये जघन्य तथा गम्भीर अपराधका २५, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सँग सम्बन्धित अपराधका सात, आर्थिक अपराधका २४ र अन्य अपराधसँग सम्बन्धित १०३ मुद्दा दर्ता भएका छन् । सोही अवधिमा सामाजिक हिंसाका ६९ वडा ठाडो उजुरी परेको प्रहरीले जनाएको छ ।

## ब्रह्मायणी जात्रा : बिहानैदेखि भीड

भक्तपुर । प्रत्येक वर्ष विजयादशमी २०८३ को दिन भक्तपुरको ब्रह्मायणी मन्दिरमा लाग्ने ब्रह्मायणी जात्रामा रातिदेखि नै दर्शनार्थीको भीड लागेको छ ।

नवदुर्गाको शक्तिपीठका रूपमा मानिने ब्रह्मायणी मन्दिरमा बुधबार त्रिपुरा सुन्दरी प्रकट हुने जनविश्वासअनुरूप परम्परादेखि नै विजयादशमीको दिन यहाँ भव्य मेला लाग्ने गर्दछ । भक्तपुरवासीले धिमेबाजा बजाउँदै घरघरबाट मध्यरातिदेखि नै ब्रह्मायणीमा मेला भर्न भीड लागेको थियो ।

ब्रत बसेकाहरू घरदेखि मन्दिरसम्म घस्रिँदै, पल्टिँदै र शरीरमा ५, ७ र १८ वटा दीप (दियो) बालेर ब्रह्मायणी मन्दिर जाने र पूजा गर्ने प्रचलन छ । यहाँका बासिन्दाले शरीरमा बत्ति बालेर र शरीर नापेर ब्रह्मायणीसम्मको यात्राा पुरा गरेका छन् । यो परम्पराले मनोकाङ्क्षा पूरा हुने र धर्म प्राप्त हुने जनविश्वास छ ।

मन्दिरमा आज नवदुर्गा प्रकट हुने विश्वासका साथ दिनभरी नै भव्य मेला लाग्ने गर्दछ । नेवार समुदायमा बुधबार मोहिनी नखः गरी घरघरमा कालो टीका लगाएपछि प्रत्येक घरबाट पूजा लिएर मन्दिर जानै पर्ने परम्परा छ ।

ब्रह्मायणी मन्दिरमा पूजा गर्न भक्तपुर, मध्यपुरथिमि, ताथली, सुडाल, बागीश्वरी, चित्तपोल, सिपाडोल, नङ्खेल, गुण्डुलगायत काभ्रे, ललितपुर र काठमाडौंदेखिका भक्तजन आउने गर्दछन् । मन्दिरमा जमरा, हाँसको फूल, हाँस, बोका, कुखुराको भालेको बलिसमेत दिने गरिन्छ ।



गाँठेमङ्गलका दिन नवदुर्गा मन्दिरमा ल्याएर पालिएको महिषासुर दैत्यको प्रतिक खःमेय अर्थात् राँगोलाई मङ्गलबार साँझ नवदुर्गा मन्दिरबाट जाँड खुवाएर मत्ताएर अबिर र तेल दलेर दौडाउँदै, लखेट्दै ब्रह्मायणी मन्दिर पुर्याएर बध गरेपछि रातिदेखि नै यो जात्रा सुरु भएको थियो ।

## देवी कुमारीलाई तलेजु भवानीको दर्शन

काठमाडौं । जीवित देवी कुमारीलाई काठमाडौंको हनुमानढोकास्थित तलेजु भवानीको दर्शन गराइएको छ ।

तलेजु भवानीको दर्शन गराउने परम्परा अनुसार मङ्गलबार राति तान्त्रिक र वैदिक विधिबाट जीवित देवी कुमारीलाई तलेजु भवानीको दर्शन गराइएको हो । तलेजु भवानीको दर्शनबाट शक्ति आर्जन हुने विश्वास रहीआएको छ । कुमारीलाई देवी तलेजु भवानीको दर्शनका लागि रथयात्रासहित सुरक्षित कुमारी घरबाट तलेजु परिसरमा पुर्याइएको कुमारी घरका व्यवस्थापक गौतम शाक्यले जानकारी दिनुभयो ।

जीवित कुमारीलाई दर्शन गराउन देवी भवानीलाई मन्दिरबाट मूल चोकमा सारिएको थियो । हनुमानढोका दरबारको उत्तरतिर परम्परागत तीनतले प्यागोडा शैलीमा बनाइएको मन्दिरमा रहेको तलेजु भवानीलाई मल्ल राजाहरूले कुल देवताका रूपमा मानेको इतिहासमा पाइन्छ ।

## थिमिमा ६२ वर्षपछि जीवित देवी कुमारीको दर्शनसहित टीका ग्रहण गर्ने परम्परा सुरु

भक्तपुर । भक्तपुरको मध्यपुरथिमिमा ६२ वर्षपछि यसवर्ष जीवित देवी कुमारी दर्शन गराउने परम्पराले निरन्तरता पाएको छ ।

स्थानीय शाक्य, बज्राचार्य, कर्माचार्य तथा संस्कृति संरक्षण कर्मीहरूको पहलमा धार्मिक, सामाजिक एवं ऐतिहासिक महत्व बोकेको कुमारी दर्शन गराउने परम्परा ६२ वर्षपछि बुधबार सुरु भएको हो । मध्यपुरथिमि चपाचोकी चार वर्षीया आयुषी बज्राचार्यलाई यसवर्ष जीवित देवी कुमारीका रूपमा नियुक्त गरिएको थियो । उहाँलाई बुधबार आदर्शस्थित लायकु दरबारमा राखेर सर्वसाधारणले दर्शन एवं कुमारीको हातबाट टीका ग्रहण गरेका थिए ।

संस्कृतिकर्मी एवं पमा नाइके श्यामकाजी पमा श्रेष्ठका अनुसार मध्यपुरथिमिमा ६२ वर्षअघि जीवित देवी कुमारीलाई पुज्ने परम्परा रहेको तर आर्थिक कारणले रोकिदैआएको अवस्थामा धार्मिक, सामाजिक तथा साँस्कृतिक क्षेत्रका स्थानीय अगुवाहरूको पहलमा यसले निरन्तराता पाएको हो ।

राजा राय मल्ले नेपाल सम्वत ६११ मा जीवित देवी कुमारीलाई तलेजु भवानीको दोश्रो रुपमा पुज्ने गरेको इनिहास रहेको बताउँदै उहाँले अबदेखि यस परम्पराले निरन्तराता पाउने विश्वास व्यक्त गर्नुभयो । पमा नाइके श्यामकाजीले भन्नुभयो, "मध्यपुरथिमिमा करिब ६०/६२ वर्षपछि आज जीवित देदी कुमारी पुज्ने, दर्शन गर्ने र टीका लगाउने परम्परा पुनः सुरु भएको छ, । नयाँ नियुक्त कुमारीका पिता सुरेश बज्राचार्यले बोकेर कुमारीलाई मेरो घरमा ल्याउनु भयो, मैले कुमारीको हातको टीका ग्रहण गरेर दक्षिणा र सुगन दिएपछि बालकुमारी परिक्रमा गराई लायकू दरबारमा दिनभर राख्यौं । त्यहाँ आई स्थानीयले कुमारीको हातबाट टीका ग्रहण गरे । अब यसरी यो परम्परा जारी रहन्छ ।"

## विजयादशमीले सांस्कृतिक सम्बन्धलाई पुस्तान्तरण गर्न मद्दत पुर्याउने मुख्यमन्त्री कार्कीको विश्वास

विराटनगर । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विजयादशमीले पारिवारिक रुपमा आत्मियता र आपसी सम्मान अभिवृद्धि गरी सांस्कृतिक सम्बन्ध लाई पुस्तान्तरण गर्न मद्दत पुर्याउने विश्वास व्यक्त गर्नुभएको छ ।

विजयादशमीका अवसरमा सबै नेपालीमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र दीर्घायुको शुभकामना दिँदै मुख्यमन्त्री कार्कीले असत्यमाथि सत्यको विजयको उत्सवका रुपमा लिइने बुधबार (टिका)को दिनले सत्यको मार्गमा आगाडि बढ्न प्रेरणा प्रदान गर्ने बताउनुभएको हो । उहाँले विविध जातजाति, भाषा, धर्म, संस्कृति र परम्पराले समृद्ध नेपाली समाजमा बडा दसैंजस्ता पर्वहरुले आपसी सद्भाव, सहिष्णुता, प्रेम र एकताको भावना अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुर्याउँदै आएको सन्देशमा उल्लेख गर्नुभएको छ ।

"हाम्रा मौलिक चाडपर्व केवल धार्मिक तथा सांस्कृतिक आस्थाका प्रतीक मात्र होइनन्, सामाजिक एकता, राष्ट्रिय पहिचान र साझा नेपालीपनका आधार पनि हुन् ।", मुख्यमन्त्री कार्कीले भन्नुभएको छ, "यस्ता पर्वले समाजमा सकारात्मक सोच, आपसी सहयोग र सहकार्यको भावना जागृत गर्दै सुखी, समुन्नत र समृद्ध समाज निर्माणका लागि हामी सबैलाई प्रेरित गर्दछन् ।"

## यु-१९ महिला विश्वकपमा नेपाल समूह ए मा

काठमाडौं । नेपालले बङ्गलादेशसँग संयुक्तरूपमा आयोजना गर्न लागेको आइसिसी यु-१९ महिला टी-२० विश्वकप क्रिकेटका १५ खेल नेपाली मैदानमा सञ्चालन हुने भएका छन् ।

अन्तरराष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) ले बुधबार सार्वजनिक गरेको खेल तालिकामा प्रतियोगिताका कुल ४१ खेलमध्ये १५ खेल नेपालमा राखिएका हुन् ।

नेपालमा हुने खेल त्रिभुवन विश्वविद्यालय (त्रिवि) क्रिकेट मैदान र मुलपानी क्रिकेट मैदानमा सञ्चालन हुने नेपाल क्रिकेट सङ्घ (क्यान) ले जनाएको छ ।

आगामी जनवरी २१ देखि फेब्रुअरी ६ सम्म आयोजना हुने प्रतियोगितामा नेपाल सह-आयोजक रहेको छ । प्रतियोगितामा नेपालले समूह चरणमा भारत, आयरल्याण्ड र वेष्ट इन्डिजसँग खेल्नेछ ।

नेपालले पहिलोपटक यु-१९ विश्वकप आयोजना गर्ने अवसर प्राप्त गरेको हो ।

## पाटन दरबार सङ्ग्रहलयको मूलचोकमा ठेचो (थेच्व)को नवदुर्गा नाच प्रदर्शन

ललितपुर । पाटन दरबार सङ्ग्रहलय को मूलचोकमा ठेचो (थेच्व)को नवदुर्गा नाच प्रदर्शन गरिएको छ ।

विजयादशमीको दिन र कोजाग्रत पूर्णिमा गरी दशैँमा दुई पटक मङ्गलबजारमा नवदुर्गा नाच देखाउने परम्परा छ । नाच प्रदर्शन गर्न थेच्वस्थित देवता घरबाट मू द्यः (मुख्य देवता), मुकुन्डो, कलेवर पोसाक, गरगहना खर्पनमा बोकेर देवगणहरूले बुधबार मंगलबजार पुऱ्याएका थिए ।

नेवार समुदायको प्राचीन तथा पवित्र सांस्कृतिक परम्परामध्ये एक हो । सांस्कृतिक परम्परा, देवीपूजा र नृत्यको सङ्गम बनेको यस नाचले पाटन दरबार क्षेत्रलाई आज रंगीन र भक्तिमय बनाएको थियो ।

ठेचोका नवदुर्गा गुठीका सदस्य विकास मालीका अनुसार यो नाच बर्सेनि देवीको शक्तिपूजा तथा सामुदायिक एकताको प्रतीकका रूपमा मनाइन्छ । ठेचोबाट नवदुर्गा भगवानीलाई मंगलबजार पुऱ्याएर मानमानेश्वरीलाई फूल चढाउने परम्परा छ । मानमानेश्वरी पायो जात्रा व्यवस्थापन समितिका सदस्य माधवश्याम शर्माका अनुसार मानमानेश्वरी देवीको निमन्त्रणमा ठेचोबाट नवदुर्गालाई पाटन मङ्गलबजार ल्याउने प्राचीन परम्परा रहेको छ । "यसरी निमन्त्रणा गरिएको नवदुर्गा श्री भवानीका देवगणद्वारा मङ्गलबजारको चौबाटो मा मानमानेश्वरी भवानी लाई भेट गरी माल्यार्पण गर्ने परम्परा छ, त्यसपछि नवदुर्गा भवानी तर्फबाट भैरव, बाराही र कालीले मानमाने-श्वरी भवानीलाई फूल चढाएर बिमिरो उपहार दिने प्रचलन छ", शर्माले भन्नुभयो ।

समितिका सदस्य शर्माका अनुसार अष्टमातृका र नवदुर्गाबीच सासुबुहारीको जस्तो सम्बन्ध रहेको छ । पाटन दरबार सङ्ग्रहलयको ऐतिहासिक मूलचोकमा प्राचीन लयमा ठेचोका देवगणहरूले परम्परागत विधिअनुसार नवदुर्गा नाचको प्रस्तुतिसँगै यो वर्षको दसैँ औपचारिक रूपमा सम्पन्न भएको मानिन्छ । प्रत्येक वर्ष विजयादशमी र कोजाग्रत पूर्णिमाका दिन मङ्गलबजारमा दुईपटक प्रदर्शन हुने यो नाच लिच्छवीकालीन परम्परा सँग जोडिएको छ । नाचअघि ११ देवगण, ३ जना नाइके र अन्य गुठियार गरी ३४ जनाले देवता घरमा विशेष पूजा गरी आशीर्वाद लिएका थिए । यो विधिले केवल धार्मिक आस्था मात्र होइन, संस्कृतिको निरन्तरताको प्रतीक पनि बोकेको मानिन्छ । लिच्छवी राजा मानदेवका इष्टदेवी मन-मानेश्वरि (पुरानो तलेजु) सँग सम्बन्धित यो नाच पाटन क्षेत्रको सांस्कृतिक धरोहरका रूपमा जिवित रहँदै आएको छ । यो प्रदर्शनले नयाँ पुस्तालाई पुरानो सभ्यतासँग जोड्ने सेतुको काम गरेको बताउनुहुन्छ स्थानीय सुनिल महर्जन ।

## परम्पराको रावणवध उत्सव सम्पन्न

महोत्तरी । शारदीय दशहरा अर्थात् विजया दशमीका दिन मिथिलामा मनाइने रावणवध उत्सव मटिहानी सहित महोत्तरीका कैयौं ठाउँमा बुधबार साँझ सम्पन्न भएको छ ।

त्रेता युगमा असोज शुक्ल दशमीका दिन मर्यादा पुरुषत्तम श्रीरामले युद्धमा रावणको वध गर्नुभएको विश्वासमा मिथिलामा यो उत्सव मनाइने परम्परा छ । सीताजी अर्थात् मैथिलीलाई आफ्नै चेलीबेटी मान्ने मिथिला परम्पराले यहाँ रावणवध खास महत्वको उत्सव रहँदै आएको छ ।

मिथिला क्षेत्रमा रावणवध उत्सव विजया दशमीका दिन साँझपख मनाइने चलन छ । "युद्धमा श्रीरामले शारदीय दशहरा (दशमी) का दिन साँझपख रावणवध गर्नुभएको विश्वास गरिन्छ", मटिहानी-७ स्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठ (संस्कृत क्याम्पस) का प्राचार्य हेमनारायण लाल कर्ण भन्नुहुन्छ, "यसैले मटिहानीमा बर्सेनि दशमीका दिन साँझ रावणवध लीला गरिदै आइएको छ ।"

रावणवध उत्सवका अवसर मा मटिहानी-८ तस्मैयाबाबा उद्यानमा निर्मित ५१ फिट अग्लो रावण आकृतिलाई आग्नेय वाणको प्रतीकात्मक आगोको मुस्लो हानेर भष्म गरिने लीला आज बुधबार साँझ सम्पन्न गरिएको छ ।

# बाढीले खोस्यो दसैंको टीका, बेपत्ता आफन्तको पर्खाइमा

बर्दिया। वडादसैंमा अभिभावकका हातबाट टीका र जमरा लगाएर आशीर्वाद थाप्ने रहर कसलाई पो हुँदैन र ?

बर्षभरि जहाँ भए पनि दसैंमा घर फर्किएर परिवारसँग टीका लगाउने र खुसी साटासाट गर्ने प्रतीक्षामा रहेका बर्दियाको गेरुवा गाउँपालिका-५ सुखारका केही परिवारका लागि यस बर्ष दसैंको खुसी आएन।

भोटेकोशी नदीमा आएको बाढीले आफन्त बेपत्ता बनाएपछि उनीहरूको दसैं उल्लासमय नभएर खल्लो बन्न पुग्यो।

विगतका बर्षमा दसैंको दिन घरमा आफन्त जम्मा हुन्थे। अभिभावकको हातबाट टीका र जमरा लगाउने, आशीर्वाद लिने र परिवारसँगै रमाइलो गर्ने चलन थियो। तर, यस बर्ष दसैंको टीका लगाउन घर फर्किने आफन्तको खबर कुरिरहेका परिवारमा बाढीले एकाएक दुःख निम्त्यायो। टीका लगाउने प्रतीक्षामा रहेका उनीहरूका लागि बाढीको खबरसँगै दसैंको खुसी पनि खोसियो।

गेरुवा-५ सुखारकी ४२ वर्षीया भगिरथी थारुका लागि यस बर्षको दसैं विगतका वर्षजस्तो रहेन। गत भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीमा परेर छोरा जगत थारु बेपत्ता भएपछि उहाँको परिवार शोकमा छ। दसैंमा छोरासँगै टीका लगाउने र खुसी साट्ने आशा गर्नुभएकी भगिरथीको निधार यस वर्ष खाली नै रह्यो।

"दसैंमा छोराछोरीसँगै बसेर टीका लगाउने, आशीर्वाद दिने र लिने गर्थ्यौं। यस बर्ष पनि दसैंमा छोरा आउला, टीका लगाउन पाइएला भन्ने आशा थियो। तर, बाढीमा छोरा बेपत्ता भएपछि हाम्रो त खुसी नै खोसियो," उहाँले भन्नुभयो।

डेढ महिनादेखि छोराको पर्खाइमा रहनुभएकी भगिरथीलाई दसैं आए पनि मनमा खुसी छैन। घरमा चाडपर्वको वातावरण बने पनि छोराको अत्तोपत्तो नहुँदा उहाँको मनमा पीडा र पर्खाइ मात्रै छ। आफन्त फर्किएर आउने आशा अझै मरेको छैन, तर यस वर्षको दसैं भने छोरासँग टीका लगाउने रहर अधुरै राखेर बितेको छ।

राजापुर ९ तिनघरवाका सिर्जना थारुको पीडा पनि उस्तै छ। भोटेकोशी बाढीमा श्रीमान प्रदीप थारु बेपत्ता भएपछि उहाँको परिवारमा पनि दसैंको रौनक हराएको हो। हरेक वर्ष दसैंमा श्रीमानसँग टीका लगाएर आशीर्वाद साट्ने उहाँ यस बर्ष श्रीमान्को अनुपस्थितिमा निकै निराशामा दसैं बित्ने भएको छ। "दसैंमा श्रीमान् घर आउनुहुन्छ, टीका लगाउँछौं भन्ने आशा थियो। बाढीमा बेपत्ता भएपछि त्यो खुसी पनि रहेन। श्रीमान कहाँ हुनुहुन्छ, कस्तो अवस्थामा हुनुहुन्छ भन्ने थाहा छैन। यस्तो अवस्थामा कसरी खुसी भएर दसैं मनाउनु ?" उहाँले भन्नुभयो।

यसैगरी गत भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीमा परेर गेरुवा गाउँपालिका-५ सुखारका जगत थारु, मनोज थारु, सुरेन्द्र थारु र सर्वेस थारु गरी चार जना बेपत्ता भएका थिए। त्यसैगरी राजापुर-९ तिनघरवाका सुरेश थारु, अमिस थारु, सिसन थारु, प्रदीप थारु र राजु थारु गरी पाँच जना बेपत्ता भएका थिए।

उनीहरूका परिवार डेढ महिनादेखि आफन्त फर्किने आशामा छन्। बेपत्ताको अवस्था पत्ता नलागेकाले परिवारले अन्तिम संस्कार तथा काजक्रिया गर्न सकेका छैनन्। गेरुवा गाउँपालिका-५ का वडाध्यक्ष तथा प्रवक्ता धर्मप्रकाश चौधरीका अनुसार भोटेकोशी बाढीका कारण गाउँ पालिकाका १४ परिवारमा यस बर्ष दसैंको खुसी छाउन सकेन।

"बाढीमा आफन्त बेपत्ता भएपछि परिवार शोकमा छन्। दसैंमा टीका लगाएर खुसी साट्ने समयमा उनीहरू आफन्तको पर्खाइमा छन्। यस्तो अवस्थामा कसरी खुसी भएर चाडपर्व मनाउन सकून् र ?" उहाँले भन्नुभयो।

भोटेकोशी बाढीमा परी बर्दियाका ७६ जना बेपत्ता भएका छन्। बेपत्ता आफन्तको अवस्था अज्ञात रहँदा ती परिवारका लागि दसैंको टीका केवल परम्परा र उत्सवको विषय मात्र बनेन, आफन्तसँगको विछोड र पुनर्मिलनको आशासँग जोडियो।

अरूका घरमा परिवारका सदस्यले एकअर्कालाई टीका लगाइदिँदै आशीर्वाद साटिरहेका बेला पीडित परिवार भने बेपत्ता आफन्त फर्किने आशामा दिन गन्दै छन्। दसैंको टीका लगाएर परिवारसँग खुसी साट्ने उनीहरूको रहर यस वर्ष बाढीले अधुरै बनायो।

उनीहरुका घरमा पनि चाडपर्व त आएको छ। तर पनि मनमा खुसी भने फर्किन सकेको छैन। उनीहरूका लागि यस वर्षको दसैं टीका र जमराको उत्सव भन्दा पनि बेपत्ता आफन्तको सम्झना, फर्किने आशा र पीडाबीच बितेको छ।

# उपत्यकाका सडकमा सवारी चाप बढ्दै

काठमाडौं। मान्यजनबाट विजया दशमीको टीका, जमरा र आर्शिवाद ग्रहण गर्न हिँड्ने सर्वसाधारणको चहलपहल बढेसँगै काठमाडौं उपत्यकाका सडकमा सवारी चाप बढ्न थालेको छ।

बडादसैंको फूलपाती, अष्टमी र नवमीको तुलनामा बुधबार टीकाको शुभसाइत पछि सडकमा सवारी साधन बढेका छन्। सार्वजनिक यातायातमा यात्रु बढेसँगै भीडभाड देखिन थालेको छ। अहिले उपत्यकाभित्रिने प्रमुख नाकासहित काठमाडौं, भक्तपुर र ललितपुरका मुख्य सडकहरूमा सवारी साधन सामान्य अवस्थामा सञ्चालनमा आइरहेको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथका ट्राफिक प्रहरी उपरीक्षक नरेश राज सुवेदी बताउनुहुन्छ। "टीकाका दिन बुधबार आफन्तकामा आउने-जाने मानिसको सङ्ख्या उल्लेख्य रुपमा बढ्दा गत दुई-तीन दिनको तुलनामा उपत्यका का सडकमा सवारी साधन बाक्लो देखिएको छ।", उहाँले भन्नुभयो।

ट्राफिक व्यवस्थापनलाई चुस्त बनाउन योजनाबद्धरुपमा ट्राफिक प्रहरी परिचालन गरिएको उहाँको भनाइ छ। ट्राफिक प्रहरीले सम्भावित क्षेत्रमा निगरानी र ट्राफिक नियम पालना गराउन नियमित जाँच गरिरहेका छन्।

दसैं मनाउन गाउँघर पुगेको सर्वसाधारण आफ्नो पेसा व्यवसायको सिलसिलामा पुनः काठमाडौं फर्कने क्रम पनि आजैदेखि सुरु भएको छ। नेपाल प्रहरीसँगको समन्वयमा यात्रु सुरक्षाका लागि सवारी सधानको यान्त्रिक परीक्षण, तीव्र गति, चालकले मादक पदार्थ र लागु औषध सेवन गरे, नगरेको परीक्षणलगायतलाई निरन्तरता दिइएको प्रहरी उपरीक्षक सुवेदीले जानकारी दिनुभयो।

ट्राफिक प्रहरीको सक्रियताका कारण सडक दुर्घटना र मानवीय क्षति न्यूनीकरण भएको उहाँको भनाइ छ।

अब दसैं मानेर काठमाडौं फर्कने यात्रुको चाप बढ्ने हुँदा प्रमुख नाका र राजमार्गमा सोही अनुसारको व्यवस्थापन गरिने प्रहरीले जनाएको छ। दसैंका अवसरमा काठमाडौं उपत्यकाबाट करिब दश लाख नागरिक बाहिरिएको सुरक्षा निकायको अनुमान छ।

# डिभाइसमा समस्या भएपछि हुम्ला र मुगुमा सञ्चार प्रभावित

हुम्ला। मुगुको रुघा र सोरु गाउँपालिकाको नाथर्पुमा रहेका टावरको 'लिङ्क डिभाइस'मा समस्या आएका कारण हुम्ला र मुगुमा इन्टरनेट तथा टेलिफोन सेवा प्रभावित भएको छ।

गत सातादेखि फोरजी टावरमा देखिएको प्राविधिक समस्या तत्काल समाधान गर्न नसकिने टेलिकमले जनाएको छ। नेपाल टेलिकमको मुगुका प्रमुख उमेश चौधरीका अनुसार टावरमा जोडिएका 'लिङ्क डिभाइस'मा समस्या आएपछि सेवा अवरुद्ध भएको हो। दसैं बिदामा कर्मचारी घर गएकाले दसैंपछि मात्रै मर्मत गर्न सकिने उहाँले बताउनुभयो। टावरमा समस्याका कारण मुगुको सोरु गाउँपालिकासहित हुम्लाका अदानचुली, ताँजाकोट, सर्केगाड र चङ्खेली गाउँपालिकाका अधिकांश बस्तीमा इन्टरनेट तथा टेलिफोन सेवा प्रभावित भएको छ।

अदानचुली गाउँपालिका-४ का वडासदस्य सिंह बोहराले टेलिकमका कर्मचारीलाई पटक-पटक फोन गरेर समस्या समाधानका लागि आग्रह गरिएको बताउनुभयो। सञ्चार सेवा अवरुद्ध हुँदा दसैंमा घर आउने-जाने आफन्तसँग सम्पर्क गर्न तथा रकम पठाउनसमेत समस्या भएको उहाँले बताउनुभयो।

भौगोलिक विकटताका कारण अन्य सञ्चार माध्यमको विकल्पसमेत सहज नभएका यी क्षेत्रका नागरिकलाई टेलिकमको सेवा बन्द हुँदा थप सास्ती भएको छ।

# दिवङ्गत पत्रकार उपाध्यायको परिवारलाई आर्थिक सहयोग

दमौली। दिवङ्गत पत्रकार एवं साहित्यकार वसन्त प्रकाश उपाध्याय को परिवारलाई उपचार तथा आर्थिक सहयोगस्वरूप रु १६ लाख सात हजारभन्दा बढी रकम सङ्कलन गरिएको छ।

तनहुँ अन्तरराष्ट्रिय समाज, तनहुँ समाज अमेरिका र नेपाल अमेरिका पत्रकार सङ्घ (नेजा) को संयुक्त प्रयासमा नेपाल पत्रकार महासंघ मार्फत सङ्कलित कूल रु १६ लाख सात हजार ८३२ मध्ये उपाध्यायकी धर्मपत्नी इन्दिरा कार्की उपाध्यायको उपचारका लागि रु १२ लाख पाँच हजार ८७५ हस्तान्तरण गरिएको हो। तनहुँ अन्तरराष्ट्रिय समाजका अध्यक्ष राजन त्रिपाठीले इन्दिरा कार्की उपाध्यायलाई भेटेर उक्त रकमको चेक हस्तान्तरण गर्नुभएको छ। सङ्कलित रकममध्ये बाँकी रु चार लाख एक हजार नौ सय ५७ दसैंलगत्तै स्व उपाध्यायका ९४ वर्षीय बुवा छायाँदत्त उपाध्याय को बैंक खातामा जम्मा गरिने समाजले जनाएको छ।



गोरखापत्र दैनिकका पूर्व महाप्रबन्धकसमेत रहनुभएका स्व उपाध्यायको गत महिना निधन भएको थियो। तनहुँको भानु नगरपालिका-१, भन्सार निवासी उपाध्यायको परिवारलाई सहयोग पुर्याउने उद्देश्यले विभिन्न संस्थाको संयुक्त पहलमा उक्त रकम सङ्कलन गरिएको हो।

# विजयादशमीले भौगोलिक, सांस्कृतिक र भाषिक विविधतायुक्त समाजलाई एकै सूत्रमा बाँध्छ : प्रधानमन्त्री

काठमाडौं। प्रधानमन्त्री बालेन्द्र शाहले दसैंले भौगोलिक, सांस्कृतिक र भाषिक विविधतायुक्त समाजमा सबै वर्ग, समुदाय र क्षेत्रका नागरिकलाई एउटै सूत्रमा बाँध्ने अवसर दिने बताउनुभएको छ।

विजयादशमीका अवसरमा बुधबार शुभकामना सन्देश दिनुहुँदै उहाँले यस पर्वले वर्षौंसम्म छुट्टिएका साथीभाइ तथा आफन्तजनसँग आत्मीयता बाँड्ने अवसरसमेत दिने उल्लेख गर्नुभयो।

उहाँले यस पावन अवसरमा देश तथा विदेशमा रहनुभएका सबैमा सुख, शान्ति समृद्धि र उत्तरोत्तर प्रगतिको मङ्गलमय शुभकामना व्यक्त गर्नुभएको छ। शुभकामना सन्देशमा भनिएको छ, "बुधबारको दिनमा आसुरी प्रवृत्तिको रूपमा रहेको भ्रष्टाचार, कुशासन, ढिलासुस्ती, असमानता र राजनीतिक व्यथिति हटाउन र हरेक नागरिकलाई हाम्रा लागि सरकार छ भन्ने महसुस गराउन हामी सबै एकजुट हुन आवश्यक छ।

इमान्दार प्रयास, अठोट र सामूहिक मेहनतले नै हामीलाई यस्ता विकृति हटाउन मद्दत गर्नेछ। परिवर्तनका लागि सोचसँगै व्यवहार पनि बदल्न जरुरी छ।"यस वर्षको विजयादशमीअर्थात् असत्यमाथि सत्यको विजय प्राप्त भएको उपलक्ष्यमा उत्सव मनाउने दिन हो। पौराणिक मान्यताअनुसार यसै दिन दुर्गा भवानीले महिषासुरजस्तो आसुरी शक्तिमाथि विजय प्राप्त गरेको मानिन्छ। साथै आजकै दिन भगवान् रामले पनि असत्यका प्रतीक रावणको अन्त्य गरेको दिनको रूपमा लिइने शुभकामना सन्देशमा उल्लेख छ।



"विजयादशमी मनाउँदै गर्दा मान्यजनबाट दुर्गा भवानीको प्रसादस्वरूप टीका, जमरा र आशीर्वाद ग्रहण गर्ने परम्परा छ। दुर्गा भवानीले विजय प्राप्त गरेजस्तै हामीले पनि हरेक सत्कर्ममा विजय प्राप्त गर्न सकौं भन्ने कामना मान्यजनहरूले गर्नुहुन्छ। आशीर्वाद ग्रहण गर्न टाढा रहनुभएका मान्यजनहरूलाई समेत हामी खोजीखोजी पुग्छौं", उहाँले भन्नुभएको छ। प्रधानमन्त्री शाहले विजया दशमीले मानिसमा रहेका अहंकार, लोभ, इर्ष्या, हिंसा र विभेदजस्ता नकारात्मक सोचलाई त्याग्न प्रेरणा दिनेसमेत उल्लेख गर्दै सबैलाई आ-आफ्नो ठाउँबाट क्षमताअनुसार विजयादशमी मनाउन सद्भाव, एकता, सम्मान र माया आपसमा साट्न आग्रह पनि गर्नुभएको छ।

# दुर्गापक्षको मुख्य दिन बिक्रीमा राखियो जमरा

काठमाडौं। बडा दसैं अर्थात् दुर्गापक्षको मुख्य दिन बुधबार मान्यजनका हातबाट टीका र जमरा लगाइन्छ। आजका दिन नवदुर्गाको प्रसादका रूपमा शुभ साइतको प्रतीक रातो टीकासँगै जमरा पनि लगाउने गरिन्छ।जमरालाई समृद्धिको प्रतीकका रूपमा लिने गरिन्छ। त्यसैले पनि दसैंमा टीकासँगै फूलको सट्टा टीका लगाउने प्रचलन रही आएको छ।

टीका प्रसाद ग्रहण गर्न साइत खोज्नेका लागि नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले आज बिहान १०:२६ बजेको साइत उत्तम रहेको जनाएको थियो। तर पनि नागरिकले बिहान दुर्गा विसर्जनपछि टीका लगाउन सुरु गरेका थिए।

आज टीकाका दिन बिहान काठमाडौंका कतिपय स्थानमा जमरा बिक्रीका लागि राखिएको पनि देखियो। काठमाडौंको स्वयम्भूस्थित भगवान पाउमा केही व्यक्तिले घरैमा उमारेका जमरा बिक्रीका लागि राखेका थिए। यसो हेर्दा जमरा पनि बिक्री होला र भन्ने लागे पनि मानिसहरुले जमरा खरिद गरिरहेका पनि थिए। दसैंमा जमरा लगाउनु समृद्धिको प्रतिक मानिने भएकाले घटस्थापनाका दिन नै देवीको आह्वान गरेर जलको घडासँगै जमरा राख्ने प्रचलन छ।

जमरा पहेँलो राम्रो हुने भएकाले घर या व्यक्तिका निवासका घाम नपर्ने र चोखो कुनामा या पूजा कोठा तथा स्थानमा जमरा राख्ने गरिन्छ। दसैंमा जमरा राखिएको स्थानलाई जमरा घर पनि भन्ने प्रचलन छ।

यसरी राखिएको जमरा बुधबार दसैंका दिन टीकासँगै लगाउने गरिन्छ। नवदुर्गाको आह्वान गरी घटस्थापना गरिएको स्थानमा राखिएका जमरा कोजाग्रत पूर्णिमासम्म नै लगाउने प्रचलन छ।

कतिपयले यसरी जमरा राख्न नपाएका तथा डेरामा बस्ने मानिसका लागि जमरा राख्ने स्थान अभाव पनि हुन सक्ने भएकाले उनीहरुका लागि यसरी बिक्रीमा राखिएको जमरा उपयोगी हुने देखिन्छ। भगवान पाउमा जमरा किन्न पुगेका स्वयम्भूका रुपेश आचार्यले घरमा सुतक परेकाले घटस्थापनाका दिन जमरा राख्न नपाएकाले आफू जमरा किन्न आएको बताउनुभयो। उहाँले भन्नुभयो, "यसरी जमरा पनि



बिक्रीका लागि राखिएको हुन्छ भन्ने कुरा मलाई थाहा थिएन तर छिमेकीले पनि यसैगरी किनेर लगेको जानकारी गराएपछि किन्न आएको हुँ।"

उहाँले आफूलाई जस्तै सजिलो अरु धेरैलाई भएर होला बिहानै आएर जमरा किनेर लगेको देखेको पनि बताउनुभयो। भ्वाट्ट हेर्दा जमरा पनि बिक्रीका लागि राखिएको भनी कतिपयले अनौठो लागेको बताइरहेका थिए भने कतिले यसलाई स्वभाविक र सजिलो भनेका थिए। विविध कारणले अप्ठेरो परेका, घटस्थापनाका दिन जुठो या सुतक परेर जमरा राख्न नपाएका तथा आफ्ना बासस्थानमा स्थान अभाव भएका व्यक्तिका लागि यसरी जमरा किनेर लगाउन पाउनु पनि सजिलो हुने देखिन्छ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com